# गुलरिया नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ३ गुलरिया मिति : असार २६ गते, २०८०

**भाग - २**

**गुलरिया नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालयको सूचना**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिका नगरकार्यपालिकाको मितिः २०८०।०३।२३ मा जारि गरिएको **कार्यविधि/** नियामालि /निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सम्बत् २०८० सालको कार्यविधि नं. ४

## ट्युसन,कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमती तथा नियमन सम्बन्धी कार्यविधी, २०८०

**प्रस्तावनाः**

संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख बनाउन सबैको शिक्षामा सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न संघीय संसदले बनाएको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा २७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को भावनालाई आत्मसाथ गर्दै गुणस्तरिय शिक्षा प्रदान गर्ने उद्धेश्यले विद्यार्थी तथा अभिभावकको चाहनालाइ सहयोग पुर्याउनका लागि खोलिएका ट्युसन, कोचिङ्ग तथा विद्यालय बाहिर हुने जस्तै विभिन्न प्रतियोगिताको तयारीकक्षा तथा अध्यापन सेवाको कक्षालाइ कानुनी दायरामा ल्याइ ब्यवस्थित रुपले ब्यवस्थापन र सञ्चालन गर्न आवश्यक भएको हुदा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ ज(१७) ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिकाले यो कार्यविधि बनाएको छ।

आज्ञाले<br>
ओमकार शाह<br>
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम "ट्युसन कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमतीतथा नियमन सम्बन्धी कार्यविधी २०८०" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ।

**२. परिभाषा:**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) **“नगरपालिका”** भन्नाले गुलरिया नगरपालिका सम्झनु पर्दछ।

(२) **“ऐन”** भन्नाले स्थानीय सरकार सञ्चालन गर्न बनेको ऐन २०७४ लाई सम्झनु पर्छ।

(३) **"प्रमुख प्रशासकिय अधिकृत”** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(४) **"ट्युसन सेन्टर (शिक्षण सहयोग केन्द्र)"** भन्नाले कुनै पनि व्यक्ती वा संस्थाले विद्यार्थीकोपठनपाठनमा सहयोग पुर्याउने उद्धेश्यले खोलिएको शिक्षण गर्ने संस्थालाइ सम्झनु पर्दछ।

(५) **"कोचिङ्ग कक्षा”** भन्नाले विद्यालयमा अध्ययन नगरेका वा विचैमा अध्ययन छोडेका र पुन:अध्ययन गर्न चाहने बालबालिकाहरुका लागि विद्यमान पाठ्यक्रमलाई आधार मानी शैक्षिक कार्यक्रम सञ्चालनार्थ कुनै पनि व्यक्ती वा संस्थाले खोलिएको शिक्षण गर्ने संस्था तथा  विद्यालय भित्र विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने उदेश्यले विद्यालय भित्र सञ्चालन हुने कक्षा समेतलाई सम्झनुपर्दछ।

(६) **"विद्यालय बाहिर हुने अध्यापन सेवा”** भन्नाले विभिन्न प्रतियोगितात्मक (लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगका कक्षा वा अन्य छनौट) परीक्षाका लागितयारी गराउन शिक्षण गर्ने कार्यक्रमलाइ सम्झनु पर्दछ।

(७) **"सञ्चालक”** भन्नाले ट्युसन तथा कोचिङ्ग कक्षा र विद्यालय बाहिर हुने अध्यापन सेवाको सञ्चालनगर्ने ब्यक्ती वा संस्थालाइ जनाउछ।

(८) **"निरीक्षक”** भन्नाले नगरपालिकाकोशिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत शाखा अधिकृतलाई सम्झनु पर्दछ।

(९) **“केन्द्र”** भन्नाले ट्युसन, कोचिङ्ग तथा विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्दछ।

## परिच्छेद २

## ट्युसन,कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमती सम्बन्धी ब्वस्था

**३. अनुमती सम्बन्धी ब्यवस्था**

(१) कुनै ब्यक्ती वा संस्थाले ट्युसन केन्द्र, कोचिङ्ग कक्षा तथा विद्यालय बाहिर हुने अध्यापन सेवासञ्चालन गर्न चाहेमा सामान्यतया शैक्षिक सत्र समाप्त हुनु भन्दा कम्तिमा ३ महिना अगाडी कक्षासञ्चालन सम्बन्धी प्रस्ताव (सञ्चालनको उद्वेश्य भौतिक पूर्वाधार, भवन, कक्षा कोठाको उपयुक्तता, शैक्षिक सामग्री, फर्निचर, खानेपानी, शौचालयको ब्यस्था, शिक्षक, सञ्चालन गर्ने स्थान आदि) उल्लेखगरी तोकिएको ढाचामा **अनुसूची १** बमोजिम नगरपालिका समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) प्राप्त निवेदनका सम्बन्धमा निरीक्षकबाट स्थलगत जाचबुझ गरी तोकिएको पूर्वाधारपुरा भएको अवस्थामा कार्यालय/नगर शिक्षा समितिको निर्णयानुसार **अनुसूची २** बमोजिम अनुमती प्रदान गर्नुपर्ने छ ।

(३) अनुमती माग गरेका ट्युसन केन्द्र, कोचिङ्ग कक्षा तथा विद्यालय बाहिर हुने अध्यापन सेवा कक्षासञ्चालनको लागि स्थलगत निरीक्षणबाट तोकिएको पूर्वाधार पुरा भएको देखिएमा अनुमती प्रदान गर्दाट्युसन केन्द्र,कोचिङ्ग कक्षातथा विद्यालय बाहिर हुने अध्यापन सेवा कक्षा सञ्चालन गर्न रु५०००० (अक्षेरेपी पचास हजार), रकम सुरक्षण वाफत धरौटी स्वरुप राख्नु पर्नेछ । यसरी राखेको धरौटी रकम मुद्धती खातामा राख्नु पर्नेछ। सो खाताको सञ्चालन प्रमुख प्रशासकिय अधिकृतलेतोकेको कर्मचारी र सञ्चालकको सयुक्त दस्तखतबाट हुनेछ । यसरी धरौटी राखिएको रकमसञ्चालित संस्था बन्द गर्नु पर्ने भएमा सञ्चालकको निवेदन प्राप्त भएमा नियमानुसार सम्बन्धितसञ्चालकलाई फिर्ता गरिनेछ ।

(४) सञ्चालनमा रहेको केन्द्रले प्रत्येक आर्थिक वर्षको आय व्ययको लेखा परीक्षण रजिष्टर्ड लेखापरीक्षकबाट गराइ प्रत्येक वर्षको आश्विन मसान्त सम्म नियमानुसार नविकरण गर्नु पर्ने छ ।

(५) कुनै अनुमती प्राप्त केन्द्रको नाम सँग मिल्ने गरी पुनः अर्को संस्था दर्ता गर्न नगरपालिकाबाट अनुमती प्रदान गरिने छैन । जुन स्थानका लागि अनुमती दिइएको हो सोही स्थानमा मात्र केन्द्रसञ्चालन गर्नु पर्ने छ ।

(६) नगरपालिकाबाट नियमानुसार अनुमती लिइ सञ्चालनमा रहेका दुई वा दुई भन्दा बढीकेन्द्रहरुले संस्था गाभी एउटै कायम गर्न चाहेमा वा साविकको नाम परिवर्तन गर्न चाहेमा वा विशेष परिस्थिति उत्पन्न भइ साविकको स्थानबाट अन्यत्र सार्नु पर्ने भएमा सम्बन्धित वडा कार्यालयको सिफारिसमानगरपालिकाबाट अनुमती लिइ गर्न सकिने छ ।

(७) अनुमती लिइ सञ्चालनमा रहेका केन्द्रहरुको विवरण नगरपालिकाले अद्यावधिक गराइराख्नु पर्नेछ ।

## परिच्छेद ३

## विद्यार्थीको नाम दर्ता, परीक्षा र अभिलेख सम्बन्धी ब्यवस्था

**४. विद्यार्थीको नाम दर्ता परीक्षा र अभिलेख राख्नु पर्ने**

(१) केन्द्रमा अध्ययन गर्न आउने विद्यार्थीहरुले अनिवार्य रुपमा भर्ना फाराम / आवेदन फाराम भरी नियमानुसार भर्ना हुनु पर्ने।

(२) भर्ना हुन आउने विद्यार्थीले कम्तिमा पनि आफु जुन तहको परीक्षाको लागि अध्ययन गर्न चाहेको होत्यस भन्दा २ कक्षा तलको कक्षा उत्तिर्ण गरेको प्रमाणपत्र भर्ना फराम संगै पेशगर्नु पर्ने छ।

(३) माध्यमिक शिक्षा परीक्षा तथा अन्य प्रतियोगितात्मक परीक्षामा सहभागी हुने विद्यार्थीहरुको हकमा सम्बन्धित परीक्षा लिने संस्थाले भराउने रजिष्ट्रेशन र आवेदन फाराम ती परीक्षा सञ्चालन गर्नेनिकायले तोके अनुसार नै हुनेछ।

(४) केन्द्रमा अध्ययन गर्न आउने विद्यार्थीहरुको व्यक्तिगत विवरण सम्बन्धित केन्द्रले नै विद्यार्थीहरुबाट भर्ना फाराम प्रविष्टी गर्न लगाइ समष्टीगत रुपमा विवरण तयार गरी अनिवार्य रुपमा अभिलेख राख्नुपर्नेछ।

## परिच्छेद ४

## शुल्क सम्बन्धी ब्यवस्था

**५. शुल्क सम्बन्धी ब्यवस्था**

सम्बन्धित संस्थाले विद्यार्थीहरुसंग लिने शुल्कको प्रस्ताव गुलरिया नगरपालिकामा पेश गरी नगरशिक्षा समितिबाट स्वीकृत गरे बमोजिमको रकम मात्र लिनु पर्ने छ ।

**६. नि:शुल्क शिक्षण सम्बन्धी ब्यवस्था**

नगरपालिकाले सिफारिस गरेका अपाङ्ग महिला दलित मधेशी तथा गरिवीको रेखामुनी रहेकाब्यक्ती वा अन्यलाई कूल विद्यार्थी संख्याको ५ प्रतिशत विद्यार्थीलाई सम्बन्धित संस्थाले नि:शुल्कपढाउनु पर्नेछ।

## परिच्छेद ५

## शिक्षक सम्बन्धी ब्यवस्था

**७. शिक्षक सम्बन्धी ब्यवस्था**

(१) शिक्षकको शैक्षिक योग्यता सम्बन्धित तहको सम्बन्धित विषयको शिक्षकको लागि तोकिएको शैक्षिकयोग्यता हुनुपर्नेछ।

(२) सञ्चालकले करारनामा गरी आवश्यकता अनुसार शिक्षकको व्यवस्था गर्नु पर्नेछ। सो करारनामाउल्लेख भए बमोजिमको रकम सम्बन्धित शिक्षकलाई उपलब्ध गराउनु पर्ने छ।

## परिच्छेद ६
## विद्यालय भित्र सञ्चालन हुने कोचिङ कक्षा सम्बन्धी व्यवस्था

**८. विद्यालय भित्र सञ्चालन हुने कोचिङ कक्षाः**

(१) कुनै पनि ट्युसन केन्द्र, कोचिङ कक्षा तथा विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्रले सामुदायिक विद्यालयको भवन प्रयोग गर्न पाइने छैन । तर विद्यालयका शिक्षकले सोही विद्यालयका विद्यार्थीहरुको लागि कोचिङ कक्षा विद्यालय भवनमा सञ्चालन गर्न बाधा पर्ने छैन ।

(२) कक्षा सञ्चालनको अनुगमन निरीक्षण शिक्षा युवा तथा खेलकुद शाखाबाट समय समयमा गरिने छ ।

(३) शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने उदेश्यले विद्यालय भित्र कोचिङ कक्षा सञ्चालन गर्नका लागि नगरपालिकाले निश्चित मापदण्ड अनुसार सिकाइ उपलब्धी कम भएका कक्षाका विषयहरुमा कोचिङ कक्षा मार्फत गुणस्तर अभिबृद्धि गर्न सक्नेछ । विद्यालयका शिक्षकले सिकाइ उपलब्धी कम भएका कक्षाका विषयहरुमा सिकाइ उपलब्धि अभिबृद्धि गर्ने उदेश्यले कोचिङ कक्षा देहाय बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

(४) विद्यालयका कोचिङ कक्षा सञ्चालन गर्ने शिक्षकले कक्षा र विषय तोकी वि व्य सबाट कक्षा सञ्चालन गर्नको लागि सहमति लिनु पर्नेछ ।

(५) कोचिङ पढने विद्यार्थीहरुको विवरण अनिवार्य रुपमा वि व्य सबाट प्रमाणित गराइ नाम नामेशी विवरण कक्षा सञ्चालन भएको मितिले १५ दिन भित्र शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ ।

(६) कोचिङ पढने विद्यार्थीहरुको Pre test लिइ मात्र कोचिङ कक्षा सञ्चालन गर्नु पर्नेछ ।कोचिङ कक्षा अवधीमा कम्तीमा ३ पटक अनिवार्य रुपमा परीक्षा(Test ) सञ्चालन गर्नु पर्नेछ सो परीक्षण गरेका उत्तरपुस्तिका सुरक्षित राख्नु पर्नेछ । शिक्षा शाखाले समय समयमा कोचिङ कक्षा सञ्चालन अनुगमन गर्नेछ । अनुगमन हुदाँ परीक्षा सञ्चालन गरेको प्रगति तथा सिकाइ उपलब्धी सम्बन्धित शिक्षकले देखाउनु पर्नेछ ।

(७) कोचिङ कक्षा पढने विद्यार्थीबाट लिइने शुल्क नगर शिक्षा समितिले तोके अनुसार लिन पाइनेछ ।

(८) कोचिङ कक्षा सञ्चालन विद्यालय भवनमा हुने र विद्युत लगायत अन्य प्रयोग हुने भएकोले कोचिङ पढ्ने विद्यार्थीहरुबाट उठ्ने शुल्कको कम्तीमा २०% रकम विद्यालयको खातामा अनिवार्य रुपमा जम्मा गर्नु पर्नेछ ।सो भौचरको १ प्रतिलिपी शिक्षा शाखामा अनिवार्य पठाउनु पर्नेछ ।सो रकम विद्यालयको आम्दानी हुनेछ सो रकम वि व्य स बाट निर्णय गराइ शैक्षिक गुणस्तर तथा अन्य विद्यालय व्यवस्थापनमा खर्च गर्न सकिनेछ ।

(९) कोचिङ पढेका विद्यार्थीहरुकोविषयको नतिजामा कम्तिमा ६०% विद्यार्थी अनिवार्यरुपमा १.६ GPA प्राप्त गरेको हुनु पर्नेछ ।सो भन्दा कम नतिजा आएको अवस्थामा कोचिङ कक्षा सञ्चालन गर्ने विषय शिक्षकलाई अगामी बर्षको लागि कोचिङ कक्षा सञ्चालन अनुमति दिइने छैन कोचिङ पढने विद्यार्थी हरु मध्ये ३०%

भन्दा कम विद्यार्थीले १.६ GPAप्राप्त गरेमा सम्बन्धित शिक्षकलाई शिक्षा शाखाले स्पष्टीकरण सोधनेछ ।स्पष्टीकरण चितबुझ्दो नभएको अवस्थामा १.६ भन्दा कम GPA प्राप्त गरेकासम्बन्धित विषयका विद्यार्थीहरुलाई कोचिङ बापत तिरेको रकमको ५०% सम्बन्धित शिक्षकबाट फिर्ता गराउन लगाइनेछ वा अगामी बर्ष सो विद्यार्थीलाई सम्बन्धित शिक्षकले मुफ्त(Free)मा कोचिङ पढाउनु पर्नेछ ।सो नतिजा ल्याउने शिक्षकको कार्यसम्पादन न्युन रहेको मनिने छ ।

## परिच्छेद ७
## दण्ड सजाय सम्बन्धी ब्यवस्था

**९. दण्ड सजाय**

(१) यस कार्यविधिमा उल्लेखित शर्तहरु पालना नगरेमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ

(२) कुनै सञ्चालकले केन्द्र सञ्चालन गर्दा नियमानुसार कक्षा सञ्चालन नगरी ठगी बेपत्ता भएमा प्रचलित कानुनबमोजिम कारबाहीका लागि नगरपालिकाले जिल्ला प्रशासन कार्यालयलाइ लेखि पठाउनु पर्नेछ ।

## अनुसूची १
### (दफा ३ को उपदफा १ सँग सम्बन्धित)
### ट्युसन केन्द्र , कोचिङ्ग कक्षा तथा विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्र खोल्नका लागि दिइने निवेदन

मितिः२०......./......./........

श्रीमान प्रमुख प्रशासकीय अधिकृत/शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख ज्यू
गुलरिया नगरपालिकाको कार्यालय गुलरिया, बर्दिया

**विषयः ट्युसन केन्द्र/ कोचिङ्ग कक्षा तथा विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्र खोल्न अनुमति पाँउ ।**

महोदय,
शैक्षिक सत्र……………देखि देहाय बमोजिमको ट्युसन केन्द्र/ कोचिङ्ग कक्षा / विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्र सञ्चालन गर्न चाहेकाले अनुमतिका लागि देहाय बमोजिमका विवरणहरु खुलाई यो निवेदन श्रीमान समक्ष पेश गर्दछु ।

नामः...........................................................................................

ठेगानाः...........................................................................................

**१.** कक्षा सञ्चालन हुने विषय र तह

| तह/प्रतियोगितात्मक छनौट परीक्षा प्रकार | कक्षा | विषयहरु |
|---|---|---|
| | | |
| | | |
| | | |

**२.** कक्षा सञ्चालन हुने समयः

**३.** कक्षा सञ्चालन हुने स्थानः

**४.** भौतिक पूर्वाधार

भवन तथा कक्षाकोठा संख्याः

क) फर्निचरको विवरण

१. डेस्क.......................................... २. बेन्च...................... ३. टेबल...................

४ अन्य................................

ख) शौचालयको व्यवस्थाःछ भने संख्याः

ग) खानेपानीको व्यवस्था भए नभएकोः...........................

घ) पुस्तकालयको व्यवस्थाः........................... पुस्तक संख्याः..................

५. शैक्षिक सामग्रीहरुको विवरणः

| क्र सं | विवरण | संख्या | क्र सं | विवरण | संख्या |
|---|---|---|---|---|---|
| १ | | | ६ | | |
| २ | | | ७ | | |
| ३ | | | ८ | | |
| ४ | | | ९ | | |
| ५ | | | १० | | |

६. शुल्क सम्बन्धी विवरणः

| क्र सं | तह/ कक्षा | मासिक शुल्क | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

७. शिक्षकहरुको विवरणः

| क्र सं | नाम | योग्यता | तालिम | अध्यापन गर्ने तह/ कक्षा | विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८. सञ्चालकहरुको विवरणः

| क्र सं | नाम | ठेगाना | नागरिकता नं | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

संस्थाको पूँजी रुः...................................

निवेदकको सहीः

नामः

संस्थाको छाप

**अनुसूची २**

**(दफा ३ को उपदफा २ सँग सम्बन्धित)**

**ट्युसन केन्द्र , कोचिङ्ग कक्षा तथा विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्र खोल्नका लागि दिइने अनुमती**

मितिः२०......../....../......

**विषयः ट्युसन केन्द्र/ कोचिङ्ग कक्षा तथा विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्र खोल्न अनुमति सम्बन्धमा ।**

श्री..................................................

......................................................

प्रस्तुत विषयमा तपाइले /त्यससंस्थालेमिति........................मा ट्युसन केन्द्र/ कोचिङ्ग कक्षा/ विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्र खोल्न अनुमती पाँउ भन्ने सम्बन्धमा दिइएको निवेदन उपर कारवाही हुँदा यस कार्यालय/नगर शिक्षा समितिको मिति..........................को निर्णयानुसार गुलरिया नगरपालिका वडा नं................. मा श्री ......................................................................... केन्द्र सञ्चालन गर्न यो अनुमती प्रदान गरिएको छ ।

कार्यालयको छाप

अनुमती प्रदान गर्ने अधिकारीको

दस्तखतः

नामः

पदः

मितिः